# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प.सः २०७८।७९
च. नं.

टिप्पणी र आदेश - पानासंख्या-१

मिति : २०७९।०२।०५

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**विषयः सेवा प्रवाह गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल संघीय शासन लागू भएपश्चात स्थापित स्थानीय तह यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाभित्र आम नागरिक लक्षित कार्यक्रमहरु सञ्चालन गरी समृद्ध पालिकाको रुपमा स्थापित गराउनु आजको आवश्यकता हो । यसै सन्दर्भमा यस पालिकाको समग्र विकासका तपसिल बमोजिमका कार्यहरु तत्काल अगाडी बढाउनुपर्ने मनासिव देखि यो टिप्पणी र आदेश यहाँ समक्ष पेश गरेका छौं ।

तपसिल

| सि न | विवरण | क्षेत्र | उद्धेश्य | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता बैंक स्थापना | प्रशासन | पालिकाभित्र रहेका नागरिकताको अभिलेख व्यवस्थित गराई राख्नको लागि यस पालिकामा रहेका प्रत्येक घरधूरीबाट घरमूलीको नागरिकताको प्रतिलिपी संकलन गरी वडाको हकमा सम्बन्धित वडा कार्यालय र सम्पूर्ण पालिकाभित्रको नागरिकताहरुको बैंक गाउँपालिकामा राख्ने । | |
| २ | स्वास्थ्य वीमा कार्यक्रम | स्वास्थ्य | यस पालिकाभित्र रहेका अशक्त, असहाय, विपन्न एंव दलित वर्गलाई औषधी उपचारको निशुल्क व्यवस्था गरिने साथै स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्ने । | |
| ३ | कृषि तथा पशु फर्म दर्ता अभियान | कृषि | यस पालिकाभित्र रहेका प्रत्येक गाउँमा १।१ कृषि तथा पशुपालन समूह दर्ता गराई आगामी आवको बजेट तथा कार्यक्रममा समेट्ने । | |
| ४ | छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा | शिक्षा | SEE पश्चात पालिकाभित्रका ५ जना गरिव, विपन्न तथा दलित वर्गका विद्यार्थीहरुलाई वार्षिक १ लाखको दरले कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने । | |

२०७९।०२।०५

रिडजीन नामग्येल गुरुङ